# स्वामिकार्तिक खापर गाउँपालिकाद्वारा प्रकाशित राजपत्र

स्वामिकार्तिक खापर गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७४

**(पहिलो संशोधन :२०७९)**

**खण्डः६ अतिरिक्ताङ्क :११ २०७९।०४।२९**

## भाग-२

स्वामिकार्तिक खापर गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७४

**प्रस्तावनाः** प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम स्वामीकार्तिक खापर गाउँपालिकाको २०७५।०२।२३ मा पहिलो गाउँसभाले बनाएको शिक्षा ऐन २०७४ लाई परिवर्तित परिस्थिति अनुसार आवश्यक संशोधन गर्न बान्छनिय देखिएकाले यस गाउँपालिकाको कार्यपालिकाको मिति २०७९।०३।२३ को दोस्रो कार्यकालको पहिलो गाउँसभाले तपसिल बमोजिमको आवश्यक संशोधन सर्वसम्मतरुपमा पारित गरी सर्वसाधारणको जानकारीको लागी राजपत्रमा प्रकाशन गरिएकोछ ।

**<u>१.पहिलेको व्यवस्थाः</u>** *दफा* ९. धरौटी राख्नु पर्नेः संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :

(क) माध्यमिक विद्यालयको लागि तीन लाख रूपैयाँ,
(ख) आधारभूत विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ,
(ग) प्राथमिक विद्यालयको लागि साठी हजार रूपैयाँ

तर, बिशेष आवश्यकता भएका विद्यार्थिका लागि वा सिमान्तकृत वा अति विकट भौगिलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यापालिकाले धरौटी छुट दिन सक्नेछ ।

**<u>संशोधित व्यवस्था</u> :** दफा ९. धरौटी राख्नु पर्नेः संस्थागत विद्यालय खोल्ने अनुमति लिंदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :

(क) माध्यमिक विद्यालयको लागि तीन लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ,

(ग) प्राथमिक विद्यालयको लागि साठी हजार रूपैयाँ

तर, बिशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सीमान्तकृत वा अति विकट भौगिलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यपालिकाले **५० प्रतिशत** धरौटी छुट दिन सक्नेछ ।

**<u>२.पहिलेको व्यवस्था:</u>** दफा१६. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-

(क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको कार्यपालिकाको सदस्य -संयोजक

(ख) गाउँ कार्यपालिकाका महिला तथा दलित समेत २ जना सदस्यहरु -सदस्य

(ग) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट शिक्षा समितिले तोकेको एक जना प्रधानध्यापक - सदस्य

(घ) संस्थागत विद्यालयहरुको प्रतिनिधी मुलक संस्था मध्येवाट प्रत्येक (३) तीन वर्षमा परिवर्तन हुने गरी अध्यक्षले तोकेको प्रतिनिधी एक जना -सदस्य

(ङ) शिक्षक महासंघ प्रमुख -एक जना

(च) व्यवस्थापन समिति -एक जना

(छ) महिला बाट -एक जना

(ज) दलित -एक जना

(झ) शिक्षा प्रेमी -एक जना

(ञ) बुद्धिजीवी तथा चन्दा दाता -एक जना

(ट) समाजसेवी -एक जना

(च) शिक्षा अधिकृत -सदस्य-सचिव

**<u>संशोधित व्यवस्था :</u>** दफा१६. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-

(क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको कार्यपालिकाको सदस्य -संयोजक

(ख) गाउँ कार्यपालिकाका १ महिला सहित २ जना सदस्यहरु -सदस्य

(ग) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट उच्च तहको १ जना प्रधानध्यापक -सदस्य

(घ) संस्थागत विद्यालयहरुको प्रतिनिधी मुलक संस्था मध्येवाट प्रत्येक (३) तीन वर्षमा परिवर्तन हुने गरी अध्यक्षले तोकेको प्रतिनिधी १ जना -सदस्य

(ङ) शिक्षक महासंघ प्रमुख १ जना -सदस्य

(च) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट १ जना -सदस्य

(छ) शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजीवी तथा चन्दादाता मध्येबाट १ जना दलित र १ जना महिला सहित ३ जना – सदस्य

(ञ) शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख -सदस्य सचिव

**३.पहिलेको व्यवस्थाः** दफा १८. वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः (१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छ :

(क) सम्बन्धित वडाको वडाध्यक्ष –संयोजक
(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको १ जना –सदस्य
(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये गाउँ समितिले तोकेको एक जना –सदस्य
(घ) विद्यालयका प्रधानाध्यापक मध्येबाट गाउँ शिक्षा समितिले तोकेको २ जना –सदस्य
(ङ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना र गाउँ शिक्षा समितिले तोकेको एक जना महिला र एक जना दलित गरी ३ जना –सदस्य
(च) सम्बन्धित वडाका वडा सचिव –सदस्य सचिव

**संशोधित व्यवस्था :** दफा१८. वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः (१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छ :

(क) सम्बन्धित वडाको वडाध्यक्ष –संयोजक
(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको १ जना –सदस्य
(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये **गाउँ शिक्षा** समितिले तोकेको१जना –सदस्य
(घ) विद्यालयका प्रधानाध्यापक मध्येबाट **वडा शिक्षा** समितिले तोकेको २ जना –सदस्य
(ङ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना र गाउँ शिक्षा समितिले तोकेको १ जना महिला र १ जना दलित गरी ३ जना –सदस्य
(च) सम्बन्धित वडाका वडा सचिव –सदस्य सचिव

**४.पहिलेको व्यवस्थाः** दफा २१. गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्नेः (१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण गाउँपालिकाले गर्नेछ र निजी स्रोतबाट कार्यरत शिक्षक कर्मचारीलाई आवश्यकता अनुसार खुल्ला मापदण्ड बमोजिम नयाँ दरबन्दी कायम गर्न सकिने छ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्टिय वा प्रादेशीक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ ।

**संशोधित व्यवस्था :** दफा२१. गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्नेः (१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण गाउँपालिकाले गर्नेछ र निजी स्रोतबाट कार्यरत शिक्षक कर्मचारीलाई आवश्यकता अनुसार खुल्ला मापदण्ड बमोजिम नयाँ दरबन्दी कायम गर्न सकिने छ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा **स्थानीय मापदण्ड** बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ ।

**५.पहिलेको व्यवस्थाः** दफा २५. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः (१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ।

(२) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहाय बमोजिम हुनेछ : (क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(ख) आधारभूत तहमा प्रधानाध्यापक हुन स्नातक उपाधि प्राप्त स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(ग) प्रधानाध्यकपले नियुक्ति हुनु पूर्व पाँच बर्षे विद्यालय सूधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्ने छ ।

(घ) प्रधानाध्यापकको अवधी चार (४) बर्षको हुनेछ । निज बढीमा २ कार्यकाल मात्र सो पदमा वहाल रहन पाउनेछ ।

(ग) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(घ) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेके नपाईएमा गाउँ शिक्षा समितिले हटाउन सक्नेछ तर एक पटक स्पष्टिकरणको मौका दिइनेछ ।

**<u>संशोधित व्यवस्था</u>** दफा २५. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः (१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(ख) आधारभूत तहमा प्रधानाध्यापक हुन स्नातक उपाधि प्राप्त स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(ग) प्रधानाध्यकपले नियुक्ति हुनु पूर्व पाँच बर्षे विद्यालय सूधारको कार्ययोजना **वा विद्यालय प्रस्तावना विद्यालय** व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्ने छ ।

(घ) प्रधानाध्यापकको अवधी चार (४) बर्षको हुनेछ । निज बढीमा २ कार्यकाल मात्र सो पदमा वहाल रहन पाउनेछ ।

(ग) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(घ) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेके नपाईएमा गाउँ शिक्षा समितिले हटाउन सक्नेछ तर एक पटक स्पष्टिकरणको मौका दिइनेछ ।

**<u>६.पहिलेको व्यवस्थाः</u>** दफा २७. दरवन्दी मिलानः (१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलानका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्ने छ ।

(२) यसका लागि शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइने छ ।

**<u>संशोधित व्यवस्था</u>** दफा २७. दरवन्दी मिलानः (१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलानका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्ने छ ।

(२) यसका लागि शिक्षक कम भएका विद्यालय, तथा पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइने छ ।

**<u>७.पहिलेको व्यवस्थाः</u>** दफा ३०. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षहरुसँग सम्पादन करार सम्झौता गर्नुपर्ने छ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ। सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारी गाउँ कार्य पालिकामा पेश गर्नु पर्नेछ।

**संशोधित व्यवस्था** दफा ३०. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने शाखा प्रमुख वा शिक्षा अधिकृतसँग, शाखा प्रमुख वा शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षहरुसँग सम्पादन करार सम्झौता गर्नुपर्ने छ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ। सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारी गाउँ कार्य पालिकामा पेश गर्नु पर्नेछ।

**८.पहिलेको व्यवस्थाः** दफा ३८.संस्थागत विद्यालयको व्यवस्थापन समितिः (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ता मध्येबाट गाउँपालिकाबाट मनोनित -अध्यक्ष
(ख) अभिभावक मध्येबाट कम्तीमा एक महिला सहित दुई जना -सदस्य
(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्येबाट गाउँ शिक्षा समितिबाट मनोनित एक -सदस्य;
(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा स्रोत व्यक्ति -सदस्य;
(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एक -सदस्य;
(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव
(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ।

**संशोधित व्यवस्था** दफा ३८.संस्थागत विद्यालयको व्यवस्थापन समितिः (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ता मध्येबाट गाउँपालिकाबाट मनोनित -अध्यक्ष
(ख) अभिभावक मध्येबाट कम्तीमा एक महिला सहित दुई जना -सदस्य
(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्येबाट गाउँ शिक्षा समितिबाट मनोनित एक -सदस्य;
(घ) सम्बन्धित गाउँपालिका शिक्षा शाखा प्रमुख -सदस्य;
(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एक -सदस्य;
(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव
(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ।

**९.पहिलेको व्यवस्थाः** दफा ४४. गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयको लागि देहायको एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ।

(क)गाउँ शिक्षा समितिको अध्यक्ष -अध्यक्ष
(ख) प्रमुख प्रशासकिय अधिकृत -सदस्य
(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधी -सदस्य
(घ) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय -सदस्य
(च) शिक्षा अधिकृत -सदस्य-सचिव

(१) परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।
(२) स्थानीय तहको क्षेत्रधिकार वाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।
(३) कक्षा ५ र कक्षा ८ को परीक्षा संचालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ । यसका लागि सम्वन्धित कक्षाका विद्यार्थीहरुबाट परिक्षामा लाग्ने खर्च प्राप्त गर्न परिक्षा शुल्क लिन सक्ने छ ।
(४) उपदफा २ र ३ वाहेकको कक्षाहरुको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्ने छ ।

**<u>संशोधित व्यवस्था</u>** दफा ४४. गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयको लागि देहायको एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ ।

(क)**गाउँ शिक्षा** समितिको अध्यक्ष -अध्यक्ष
(ख) प्रमुख प्रशासकिय अधिकृत -सदस्य
(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधी -सदस्य
(घ) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय -सदस्य
(च) शिक्षा अधिकृत वा **शिक्षा शाखा प्रमुख** -सदस्य-सचिव

(१) परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।
(२) स्थानीय तहको क्षेत्रधिकार वाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।
(३) कक्षा ५ र कक्षा ८ को परीक्षा संचालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ । यसका लागि सम्वन्धित कक्षाका विद्यार्थीहरुबाट परिक्षामा लाग्ने खर्च प्राप्त गर्न परिक्षा शुल्क लिन सक्ने छ ।
(४) उपदफा २ र ३ वाहेकको कक्षाहरुको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्ने छ ।

**<u>१०.पहिलेको व्यवस्थाः</u>** दफा ४७. बजेट तयार गर्ने : प्रधानाध्यापकले प्रत्येक वर्षको मसान्त भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ ।

**<u>संशोधित व्यवस्था</u>** ४७. बजेट तयार गर्ने : प्रधानाध्यापकले प्रत्येक वर्षको **भदौ महिनाको मसान्त** भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ ।

**<u>११.पहिलेको व्यवस्थाः</u>** दफा ५५.स्रोत व्यक्ति सम्बन्धी व्यवस्था: स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रभित्र कार्यरत स्रोत व्यक्तिहरु गाउँ शिक्षा समिति अर्न्तगत रहनेछन् र निजहरुको काम कर्तव्य र अधिकार तोकियबमोजिम हुनेछ ।

५६. विद्यालयको विनियम : (१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रियालगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम अभिभावक सभाबाट पारित गराई लागू गर्नुपर्ने छ ।

(२) अभिभावक सभाले विनियम आवश्यकताअनुसार संसोधन गर्नसक्ने छ ।

(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापकलगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट सात दिन भित्र व्यवस्थापन समितिले स्वामीप्कार्तिक खापर गाउँपालिकामा पेस गर्नुपर्ने छ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनुपर्ने छ ।

५७. स्वामीकार्तिक खापर गाउँपालिकाले निर्देशन दिन सक्ने: (१) स्वामीकार्तिक खापर गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिनसक्ने छ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**<u>संशोधित व्यवस्था</u>** दफा ५५ विद्यालय कर्मचारी सम्वन्धी व्यवस्था : १.सामुदायीक विद्यालयमा नेपाल सरकारले स्वीकृत गरे बमोजिमको विधालय कर्मचारीहरु गाउँ शिक्षा समिति अर्न्तगत रहनेछन् र निजहरुको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**५६.** *विद्यालयको विनियम* (१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रियालगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम अभिभावक सभाबाट पारित गराई लागू गर्नुपर्ने छ ।

(२) अभिभावक सभाले विनियम आवश्यकताअनुसार संसोधन गर्नसक्ने छ ।

(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापकलगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट सात दिन भित्र व्यवस्थापन समितिले स्वामीप्कार्तिक खापर गाउँपालिकामा पेस गर्नुपर्ने छ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनुपर्ने छ ।

५७. स्वामीकार्तिक खापर गाउँपालिकाले निर्देशन दिन सक्ने : (१) स्वामीकार्तिक खापर गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिनसक्ने छ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

*आज्ञाले*

पारस बहादुर शाही

*नि.प्रमुख प्रशासकीय अधिकृत*